# प्रेस विज्ञप्ति

लोक सेवा आयोग र अन्तर्गतका कार्यालयहरुको आर्थिक वर्ष २०७६/७७ को बार्षिक समीक्षा गोष्ठी यही मिति २०७७ फागुन २४ र २५ गते धुलिखेल काभ्रेपलाञ्चोकमा सम्पन्न भयो। उक्त कार्यक्रममा लोक सेवा आयोग र मातहतका कार्यालयहरुबाट आ.व. २०७६/७७ मा संचालित कार्यक्रमहरु, जनशक्ति छनौट, कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, समस्या तथा चुनौतिहरु र भावी कार्यदिशाका सम्बन्धमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखहरुबाट प्रस्तुती भई सो उपर छलफल गरिएको थियो। छलफलबाट प्राप्त सुझाव एवं लोक सेवा आयोगको रणनीतिक योजना उपर समीक्षा गरी बाँकी कार्यहरु समयमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीज्युको अध्यक्षतामा संचालित यस कार्यक्रमा लोक सेवा आयोगका माननीय सदस्यज्यूहरु श्री विन्द्रा हाडा भट्टराई, श्री अशोककुमार झा, श्री ब्रम्हदेव राय, श्री कृष्णचन्द्र झा, सचिव श्री महेन्द्रप्रसाद गुराँगाई, महाशाखा प्रमुख(सहसचिव), कार्यालय प्रमुखहरु, शाखा प्रमुखहरु (उपसचिव) को उपस्थिति रहेको थियो।

तोयनारायण सुवेदी
सहसचिव एवं प्रबक्ता
लोक सेवा आयोग